# मध्यनेपाल नगरपालिका
# भोर्लेटार, लमजुङ

## नगर सभाको १९ औं अधिवेशनमा प्रस्तुत
## वार्षिक नीति तथा कार्यक्रम

आ.व.२०८३/०८४

**उपप्रमुखज्यू,**

**यस सभामा उपस्थित सम्पुर्ण नगरसभा सदस्यज्यूहरू, अतिति, पत्रकार र राष्ट्रसेवक कर्मचारीहरू**

१. मध्यनेपाल नगरपालिकाको यस गरिमामय नगर सभामा, सभाध्यक्षको हैसियतले आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रमलाई प्रस्तुत गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु। मध्यनेपाल नगरपालिकाको शुसासन, विकास र समृद्धिलाइ केन्द्र बिन्दुमा राखेर तय गरिएको आर्थिक वर्ष २०८३/०८४ को यस वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा मध्यनेपाल नगरपालिकालाई अमूल्य सुझाव उपलब्ध गराउनु हुने मध्यनेपाल नगरपालिका बासी, ब्यक्ति, संघ संस्था, नागरिक समाज, राजनीतिक दल, लगायत सम्पूर्ण महानुभाव तथा सुभचिन्तकज्यूहरु सबैलाई हार्दिक आभार सहित हामि सबैको तर्फबाट धन्यबाद ज्ञापन गर्दछु। यस अवसरमा नेपालको इतिहासको विभिन्न कालखण्डमा भएका लोकतान्त्रिक आन्दोलनमा जनअधिकारको स्थापना र राष्ट्रहितका खातिर जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात/अज्ञात अमर सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। शहिद परिवार, घाइते, अपाङ्ग तथा वेपत्ता पारिएका नागरिकहरु प्रति गहिरो समवेदना व्यक्त गर्दै राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनको अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु।

२. संघीय सरकार र प्रदेश सरकारसंगको समन्वय र सहकार्य एवं मध्यनेपाल नगरपालिकाको आन्तरिक क्षमता, श्रोत र साधनबाट मध्यनेपालबासीको समृद्धिका लागि अर्थतन्त्रलाई चलायमान बनाउन स्थानीय पूर्वाधार निर्माण गर्ने, उत्पादन तथा आय वृद्धि गर्ने, सीप तथा क्षमता विकास र उद्यमशीलता विकास गर्ने, आर्थिक सामाजिक क्षेत्रको विकास र अधिकतम रोजगारी सृजना गर्न सघाउ पुऱ्याउने उद्देश्य एवं हामिले निर्वाचनका क्रममा हाम्रा मतदाता प्रति अभिब्यक्त गरेका प्रतिज्ञाहरु पूरा गर्ने दिशामा आगामी आर्थिक वर्ष २०८३/०८४ को यो नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं।

३. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढ गरी स्थानीय तहको विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै जनतालाइ सु-शासनको प्रत्याभुती गर्ने साधनको रुपमा यो नीति तथा कार्यक्रम निर्देशित रहेको छ। दिगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीकरण गर्दै उपलब्ध श्रोत र साधनहरुको समूचित प्रयोग गरी **"दिगो पुँजीको निर्माण गर्दै समृद्ध मध्यनेपाल निर्माणको आधार तयार गर्ने"** नगरपालिकाको आवाधिक योजनाले तय गरेको लक्ष्य हासिल गर्नु यस नीति तथा कार्यक्रमको प्रमुख ध्येय रहेको छ।

४. नेपाल सरकारको सोह्रौ योजना, दिगो विकासका लक्ष्यलाई आत्मसाथ गर्दै नगरपालिकाको आवधिक योजना र मध्यमकालीन खर्च संरचनाले तय गरेको **"कृषि, पर्यटन र दिगो पूर्वाधारः समृद्ध मध्यनेपाल निर्माणको आधार"** भन्ने दिर्घकालिन सोच अनुरुप स्थानीय आवश्यकतालाई मध्यनजर गरी कृषि, पर्यटन र पूर्वाधार क्षेत्रको विकास मार्फत, तिव्र आर्थिक वृद्धि र विकास गर्न उपलब्ध स्रोत र साधनको प्रयोग गरी समावेशी, समन्यायिक, वातावरण मैत्री एवं दिगो विकासका लक्ष्य अनुरुप विकास गर्ने नीति लिइनेछ।

**नगरसभा सदस्यज्यूहरु,**

अव म क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

# सामाजिक विकास

## (क) शिक्षा युवा तथा खेलकुद सम्बन्धी नीतिहरु

५. नगर शिक्षा योजनाको दूर दृष्टि "**समतामूलक,गुणस्तरीय,जीवनोपयोगी,प्राविधिक शिक्षाः शिक्षित,स्वावलम्बी प्रविधिमैत्री नागरिक हाम्रो इच्छा"** अनुरुप नगरपालिका भित्रका सम्पूर्ण बालबालिकाहरुलाई निःशुल्क एवं अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा सुनिश्चित गर्नका लागि विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभूत खानेपानीको सुविधा विस्तार, दिवाखानामा प्रारम्भिक बालविकास लक्षित वर्ष अनुदान उपलब्ध गराई शत प्रतिशत बालबालिका बिद्यालय भर्ना हुने, सिक्ने र टिक्ने बाताबरण सिर्जना गरिनेछ।

६. गुणस्तर अभिवृद्धिका लागि विद्यालय स्तरीकरण मापदण्ड तथा कार्यविधि निर्माण गरी विद्यालयको शैक्षिक सूचक अध्ययन तथा विश्लेषण गरी कमजोर स्तर भएका विद्यालयहरुलाई थप सहायता गर्ने तथा राम्रा सूचक भएका विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ ।

७. विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातका आधारमा विषयगत दरबन्दी मिलान तथा शिक्षकहरुको स्थानान्तरण गरी शिक्षक व्यवस्थापन गरिनेछ। विद्यार्थी संख्या अत्यन्त न्यून भएका विद्यालयहरुलाई क्रमशः विद्यार्थी बढि भएका विधालयमा समायोजन गरि दरबन्दी मिलान गर्दै लगिनेछ ।

८. विद्यालयको पठनपाठन क्रियाकलापलाई नियमित र व्यवस्थित गराउनको लागि स्वंयसेवक शिक्षकको व्यवस्था गरिनेछ।

९. कक्षा १-८ मा कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रमः हाम्रो मध्यनेपालको पाठ्यपुस्तक लेखन तथा छपाई कार्य गरिनेछ।

१०. शिक्षकको पेशागत विकासको लागि कक्षा अवलोकन तथा नमुना पाठ प्रदर्शन तथा सुपरीवेक्षणको लागि विषयगत समूह परिचालन गरिनेछ साथै शिक्षक तालिमको व्यवस्था गरिनेछ ।

११. सामुदायिक बिधालयको शैक्षिक गुणस्तर अभिवृद्धिको लागि संघ र प्रदेश सरकारको लागत साझेदारीमा सबै विद्यालयहरुमा क्रमशः पुस्तकालय स्थापना शिक्षणमा सूचना तथा संचार प्रविधिको प्रयोग गुणस्तरीय इन्टरनेटको पहुँच बिस्तार, स्माट बोर्ड मार्फत पठन-पाठनको व्यवस्था, विज्ञान प्रयोगशालाको स्थापना तथा व्यवस्थापन, स्मार्ट स्कुल जस्ता कम्प्युटर सफ्टवेरको प्रयोग र बिस्तार गर्दै गरिनेछ ।

१२. बालबालिकाको सर्वाङ्गिण विकासमा केन्द्रीत, प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीहरुलाई विशेष तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । प्रतिभा पहिचान कार्यक्रम मार्फत् शिक्षक तथा विद्यार्थीहरुमा लुकेको प्रतिभा पहिचान र प्रष्फुटनको कार्यक्रम अगाडि बढाइनेछ।

१३. खेलाडीहरु राष्ट्रका गौरव, ईज्जत र प्रतिष्ठा भएकोले मध्यनेपाल नगरपालिका अन्तर्गत रहेका आम खेल प्रेमी युबाहरुलाई गोलबद्ध गर्दै उनीहरुको चाहना र आवश्यकता अनुसारको खेलकुद र यससँग सम्बद्ध सबै पक्षको विकास गर्न बडास्तरीय खेलकुद र विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता निरन्तर रुपमा आयोजना गरिनेछ। खेलकुदको बिकास गर्न खेल पूर्वाधारको निर्माण तथा मर्मत सम्भार गरिनेछ।

१४. मध्यनेपाल बहुप्राविधिक शिक्षालयलाई थप व्यवस्थित गर्दै लगिनेछ।

## (ख) स्वास्थ्य सम्बन्धी नीतिहरु

१५. **"सबैका लागि गुणस्तरीय, निशुल्क र सर्वसुलभ आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता सहित पहुँच वृद्धि"** गर्ने लक्ष्य अनुरुप स्वास्थ्य संस्थाका कर्मचारी, व्यवस्थापन समिति, जनप्रतिनिधि र आम नागरिकहरुको सहभागितामा स्वास्थ्य संस्थाको व्यवस्थापन, आवश्यक पूर्वाधार निर्माण, स्वास्थ्यकर्मीहरुको लागि क्षमता विकास, औषधीको उपलब्धता सुनिश्चितता र सेवा प्रवाहको प्रभावकारीता अभिवृद्धि गरिनेछ।

१६. नगरपालिका अन्तर्गतका हरेक स्वास्थ्य संस्थाले आफ्नो कार्यक्षेत्रमा रहेका हरेक विद्यालयका विद्यार्थीहरुको मासिक निःशुल्क स्वास्थ्य परिक्षण गर्ने कार्य सहित विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१७. स्वास्थ्य संस्थाको सहयोगी भूमिकामा रहेका महिला स्वयं सेविकाहरुको क्षमता विकास गर्न तालिम तथा प्रोत्साहनका कार्यक्रम गरी निजहरुको भूमिका प्रभावकारी वनाइनेछ।

१८. स्वास्थ्यकर्मीहरुको कार्यसम्पादन मूल्यांकन गरी दण्ड र पुरस्कारसँग आवद्ध गरिनेछ। उत्कृष्ट कार्यसम्पादन गर्ने स्वास्थ्यकर्मीलाई पुरस्कारको व्यवस्था गरिनेछ।

१९. मध्यनेपाल नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (Organization and Management Survey) प्रतिवेदन बमोजिम शहरी स्वास्थ्य केन्द्र अध्यावधिक गरिनेछ।साथै हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरूलाई सुविधा सम्पन्न वनाउन आवश्यक व्यवस्था गरिनेछ।

२०. डेङ्गु, स्क्रव टाइफस, एच.आइ.भि, टि.वी. आदि सरुवा रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य परीक्षण गर्न स्वास्थ्यकर्मीलाई टोलटोलमा खटाउनुका साथै विद्यालय एवं वडा स्तरीय सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

२१. मातृ स्वास्थ्य सुरक्षालाई प्रबर्द्धन गर्न अनिवार्य रुपमा गर्भावस्था र प्रशुति पश्चात स्वास्थ जाँच गर्ने र अनिवार्य रुपमा स्वास्थ्य संस्थामा सुत्केरी गराउने वातावरण मिलाईनेछ। समाजमा छोरा र छोरीबीचको भेदभाव अन्त्य गर्न, लिङ्गको आधारमा हुने गर्भपतनलाई निरुत्साहन गरिनेछ।

२२. स्वास्थ्य विमा कार्यक्रममा सवै घरपरिवारलाई आबद्ध गर्ने वातावरण मिलाइनेछ।

२३. पोषणको कमीबाट प्रभावित हुने विशेषत वालवालिका, गर्भवती तथा सुत्केरीको पोषण सुरक्षाको लागि विशेष ध्यान दिइ कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै संघीय सरकारको वहुक्षेत्रीय पोषण कार्यक्रमलाई नगरपालिकाको साझेदारीमा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

२४. वडा नं. ३ मा निर्माणाधिन १५ शैयाको आधारभूत अस्पताल भवन निर्माण सम्पन्नको चरणमा रहेकोले तत् पश्चात ल्याव र विशेषज्ञ सहितको सेवा सञ्चालन गर्नको लागि आवश्यक सामाग्री तथा जनशक्ति व्यवस्थापन, आवश्यकता र क्षमताका आधारमा मापदण्ड अनुसारको सेवा सञ्चालन गर्न पहल गरिनेछ।

२५. स्वास्थ्य शाखा र आयुर्वेद औषधालयको सहजिकरणमा **"योग गरौं स्वस्थ रहौं"** भन्ने नाराका साथ नगरपालिका स्तरमा योगाभ्यास कार्य सञ्चालन गरिनेछ।

२६. ज्येष्ठनागरिक, असक्त, अपाङ्गता भएका व्यक्ति र दिर्घरोगीलाई समय समयमा घरमै पुगेर स्वास्थ्य चेकजाँच तथा उपचारको व्यवस्था मिलाइनेछ। विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थाहरु, सरकारी तथा गैह्र सरकारी संस्थाको सहयोग र समन्वयमा स्वास्थ्यको पहुंच नपुगेको ठूलो बस्ति/समुदायमा स्वास्थ्य सचेतना कार्यक्रम एवं निशुल्क स्वास्थ्य जाँच सिविर सञ्चालन गरिनेछ।

२७. वाल विवाह, कम उमेरमा गर्भधारण न्यूनिकरण तथा आत्महत्या रोकथामका लागि मनोसामाजिक परामर्श सेवा निशुल्क प्रदान गरिनेछ। स्वास्थ्य संस्थालाई किशोरकिशोरी मैत्री बनाईनेछ।

## (ग) महिला बालबालिका, जेष्ठ नागरिक तथा समावेशिकरण सम्बन्धी नीतिहरु

२८. महिलाहरुको समाजिक उत्थान गरी समतामूलक समाजको निर्माण गर्नको लागि महिला शसक्तिकरण तथा क्षमता विकास सम्बन्धि विविध कार्यक्रम सञ्चालन गरिनेछ।

२९. कार्यस्थलमा हुने लैङ्गिक हिँसा तथा सबै खाले यौनजन्य दुर्व्यवहार र अन्य हिँसा विरुद्ध शुन्य सहन-शिलता नीति लिई हिँसा विरुद्धको अभियान मार्फत हिँसा मुक्त नगरपालिका घोषणा गरिनेछ । साथै, हिँसा पिडितहरुलाइ न्याय र पूनर्स्थापनाको व्यवस्था गरीनेछ।

३०. नगरस्तरीय बालसञ्जाललाई प्रभावकारी बनाई बालबालिकाको हकहितको संरक्षण, प्रतिभा प्रष्फुटन एवं क्षमता विकास गरिनेछ। नगरपालिकाबाट बालमैत्री संरचना निर्माण गरी बाल श्रमको अन्त्य गर्दै क्रमशः सवै वडालाई बाल श्रम मुक्त वडा घोषणा गर्ने र बालमैत्री स्थानीय शासन लागू गर्न आवश्यक तयारी शुरु गरिनेछ।

३१. समाजमा विद्यमान आर्थिक, सामाजिक, साँस्कृतिक, जातीय तथा लैगिक विभेदलाई न्यूनिकरण गर्दै समतामूलक समाज निर्माणमा जोड दिईनेछ।

३२. दलित, जनजाति, महिला, अपाङ्गता भएका नागरिक, द्धन्द पिडित, यूवा, ज्येष्ठ नागरिक, बालबालिका समेतलाई प्रत्यक्ष लाभ पुग्ने खालका लक्षित कार्यक्रमहरु निरन्तर संचालन गर्दै आइरहेकोमा माग र आवश्यकताका आधारमा उपयुक्त कार्यक्रमहरु छनौट गरी प्राथमिकता साथ सञ्चालन गर्ने नीति लिइनेछ।

३३. शक्ति राष्ट्रहरू विचको युद्ध, महामारी लगायत विषम परिस्थितिका कारण विश्व जगतमा देखिएको आर्थिक संकटका कारण स्वदेश तथा विदेशमा रोजगारी गुमाएका नागरिकहरु, गरिब, असहाय, श्रमीक, किसान, हिँसा पिडित, बाढि पहिरो तथा प्राकृतिक विपत्तिमा परेका ब्यक्ति, दलित, पिछडिएको समुदाय, अपाङ्गता भएका ब्यक्ति लगायत सम्पूर्ण सिमान्तिकरण तथा वञ्चितिकरणमा परेका ब्यक्तिका परिवारलाई लक्षित गरी सिप विकास तालिम तथा प्रविधि हस्तान्तरणको माध्यमबाट क्षमता अभिवृद्धि गरी उद्यमशीलताको विकास, रोजगारीको सिर्जना र आय आर्जनको अवसर प्रदान गरिनेछ।

३४. मध्यनेपाल नगरपालिकाको असहाय वालवालिका र घातकरोग (मुटु, मृगौला, क्यान्सर, एचआइभी/एड्स,आदि) लागेको प्रमाणित भएको व्यक्ति विपन्न असाहय आर्थिक रुपमा कमजोर नागरिकको लागि **"स्वास्थ्य उपचार सहायता कार्यक्रम"** लाई निरन्तरता दिइनेछ।

## (घ) सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्बन्धी नीतिहरु

३५. नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग अन्तर्गत सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत सेवा इकाइको रुपमा स्थापित सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाइको लागि संघीय सरकारको नीति अनुरुप गर्नु पर्ने लागत साझेदारी नगरपालिकाबाट गरिनेछ ।

३६. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई व्यवस्थित र सुदृढीकरण गर्दै सेवाग्राहीमैत्री वनाउन अनलाइन प्रणाली मार्फत् कार्यान्वयन हुदै आएको कार्यलाइ निरन्तरता दिदै सामाजिक सुरक्षा भत्ता नविकरणका लागि वडा कार्यालयमा हुँदै आएको राष्ट्रिय परिचयपत्रमा आधारित बायोमेट्रिक भेरिफिकेशन गर्ने कार्यलाई सहज बनाईनेछ।

## (ङ) कला, भाषा तथा संस्कृति सम्बन्धी नीतिहरु

३७. **"मध्यनेपाल नगरपालिकाको ईतिहास र गौरवका रूपमा रहेका पाटी, पौवा, गुठी, कोटको संरक्षण गर्ने"** उद्देश्यअनुरूप स्थानीय भाषा, सँस्कृति, साँस्कृतिक-धार्मिक तथा ऐतिहासिक स्थलहरु जस्तैः मन्दिर, गुम्बा, मस्जिद आदिको संरक्षण तथा संबर्द्धनका लागि आवश्यक कार्यक्रमहरु तय गरी सञ्चालन गरिनेछ।

३८. मध्यनेपाल नगरपालिकालाई खुल्ला बहु साँस्कृतिक संग्रहालयको रुपमा विकास गर्न विभिन्न कार्यक्रमहरुमा स्थानीय पहिचान र मौलिकता झल्कने घाटु, ठाडो भाका, पुटपुटे, चुड्का, कौरा, बालन लगायतका गित नृत्य, जातीय वेशभुषा, कला साहित्य तथा संगित सहितको झाँकी प्रदर्शन गर्ने, पूर्वाधार निर्माण गर्दा स्थानीय पहिचान झल्कने बास्तुकला, मुर्तिकला तथा चित्रकलाको संकेत निर्माण गर्ने नीति लिइनेछ।

३९. ऐतिहासिक पाटी-पौवा, कुवा, पोखरी, पानीघाट, शवदाहघाट आदिको संरक्षण, प्रवर्द्धन तथा पुननिर्माण गर्दै ऐतिहासिक धार्मिक स्थल तथा शक्तिपिठको रूपमा परिचित ईशानेश्वर महादेव मन्दिर, नागभैरव, जल्पादेवी, भयारथान, मालिकादेवी मन्दिर लगायत विभिन्न बौद्धगुम्बा, मस्जिद आदिको संरक्षण गर्ने नीति लिइनेछ।

४०. नगरपालिका भित्र विभिन्न दर्तावाला संघसंस्थाहरुले सञ्चालन गर्ने ऐतिहासिक तथा साँस्कृतिक मेला तथा पर्वहरुलाई प्रोत्साहन दिइनेछ।

४१. ऐतिहासिक काल देखि दलित तथा शील्पि समुदायले जीवन निर्वाहको रुपमा अपनाई आएका परम्परागत पेशालाई व्यवसायीक उद्यमको रुपमा स्थापित गर्न पुँजी लगानी सहयोग गरिनेछ।

# आर्थिक विकास

## (क) कृषि तथा पशुपालन सम्बन्धी नीतिहरु

४२. **"कृषि तथा पशुपन्छि पालनको व्यवसायिक विकास र क्षमता अभिवृद्धि"** को लक्ष्य अनुरुप कृषिलाई पर्यटन र उद्योगसँग जोड्दै रोजगारीका अवसर सिर्जना गरी कृषिलाई नाफामूलक दिगो र सम्मानित व्यवसायको रुपमा रुपान्तरण गर्ने नीति लिइनेछ।

४३. कृषियोग्य भूमिको उत्पादकत्व वृद्धि गर्नको लागि सिँचाई नहर/कुलो निर्माण तथा मर्मत सम्भार गरीनेछ।

४४. कृषि बालिमा लाग्ने रोग र किरा नियन्त्रणको लागि नगरपालिकामा उपलब्ध कृषि प्राविधिक जनशक्तिको वडास्तरमा खटनपटन तथा परिचालन मार्फत कृषकलाई सहजरूपमा प्राविधिक सहयोग उपलब्ध गराइनेछ।

४५. कृषिको आधुनिकिकरण, कृषि उपजहरुको व्यावसायिक उत्पादन र खेती विस्तारको लागि कृषि औजार तथा सामग्री अनुदान, प्राविधिक सहयोग उपलब्ध गराइनेछ। निजी र सहकारी क्षेत्र समेतको सहकार्यमा बजारको व्यवस्था गरी कृषिको व्यवसायिकरण गर्ने प्रबन्ध मिलाइनेछ।रैथाने बाली प्रवर्द्धनको लागि मुख्य स्थानहरूमा हाटबजार सञ्चालन गरिनेछ।

४६. उच्च मूल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी त्यस्ता स्थानहरुमा व्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ। कृषि उत्पादन वृद्धि गर्नको लागि कृषकहरुलाई तालिम, प्रविधि र लगानीको व्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ।

४७. नगरपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क संकलन गरी कृषि तथा पशुपन्छि सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गर्दा उक्त तथ्याङ्कको प्रयोग गरिनेछ।

४८. कृषि उत्पादनमा गरेको योगदानलाई मुख्य आधारका रुपमा लिँदै कृषिको आधुनिकिकरण तथा व्यावसायिकरण गर्नको लागि कृषकहरुलाई कृषि औजार तथा उपकरण, बिउ बिजन लगायत कृषि प्रवर्द्धन तथा पशु अनुदान उपलब्ध गराइनेछ।

४९. यस नगरपालिका क्षेत्रमा पाईने भौगोलिक तथा पर्यावरणीय हिसाबले सम्भव हुने उच्च मूल्यदरका फलफूल तथा जडीबुटीहरुको व्यवसायिक खेति विस्तारको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

५०. **"मध्यनेपाल नगरपालिकाको समृद्धिको आधार पशुपन्छि र मौरीपालन क्षेत्रमा प्रविधि र पूर्वाधार"** भन्ने अभियानका साथ मौरीघार, बाख्रा पालन, कुखुरा पालन, वंगुरपालन, माछापालन र गाई/भैसी पालन व्यावसायलाई प्रोत्साहन र सहयोग गर्न अनुदान कार्यक्रमहरु सञ्चालन गरिनेछ।साथै पशु-पालनको लागि घाँसको कमी हुन नदिन उन्नत जातका विउ तथा घाँसका विरुवा अनुदानमा वितरण गरिनेछ।कृषकहरुको पशुधन जोगाउनको लागि पशु खोप कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

## (ख) <u>पर्यटन सम्बन्धी नितिहरु</u>

५१. **"नगरपालिकाको समृद्धिको आधार दिगो पर्यटकीय पूर्वाधार"** को सोच अनुरुप मध्यनेपाल नगरपालिकाका सम्भाव्य धार्मिक र पर्यटकीय स्थलहरु; ईशानेश्वर मन्दिर, मालिकादेवी मन्दिर, अकलादेवी मन्दिर, गौरीशंकर मन्दिर लगायत नगरपालिका भित्र रहेका सम्पूर्ण मठ मन्दिरहरु, लगायतका नवनिर्मित पर्यटकीय स्थल, जितापार्क, आदिको पूर्वाधार विकास, प्रचारप्रसार तथा होमस्टे निर्माण र पार्क निर्माण कार्यलाइ प्राथमिकता दिने नीति लिइनेछ।

५२. पर्यटन क्षेत्रको थप विकासका लागि नगरपालिका भित्र नयाँ-नयाँ पयर्टकीय गन्तव्य पहिचान गर्ने कार्यलाई निरन्तरता दिइ पर्यटकीय पदमार्गको खोजी तथा निर्माण कार्यको  थालनी गरिनेछ।

## (ग) उद्योग, व्यवसाय, सहकारी सम्बन्धी नीतिहरु

५३. **"उद्यमशिलता र व्यवसायको प्रवर्द्धन र विकास, नगरपालिका भित्र वेरोजगारीको निकास"** भन्ने सोचलाई सार्थक तुल्याउन प्रतिष्पर्धी र तुलनात्मक लाभ भएका वस्तु उत्पादन गर्ने उद्योगहरुलाई प्रोत्साहन गरिनेछ। स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्यम व्यवसायहरुको विकासका लागि संघ र प्रदेश सरकारसँग सहकार्य र समन्वय गरिनेछ।

५४. उद्योग व्यवसाय दर्ता/सूचीकरण, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोगबाट नियमित र सरलीकृत गरीनेछ।

५५. मध्यनेपाल नगरपालिकामा उद्योग तथा स्वरोजगारको पूर्वाधार तयार पार्दै **"एक बस्ती एक उद्यम, एक व्यक्ति एक सीप"** को अवधारणा अनुसार स्थानीय स्तरमा उद्यम विकास तथा रोजगारी सृजना गर्दै बेरोजगारीको दरलाई न्यून गर्ने नीति लिइनेछ।

५६. नगरपालिका क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुलाई नियमन गर्नुका साथै विभिन्न तालिम, अन्तरक्रिया तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ। सहकारी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा सहकारीको विवरण अध्यावधिक गर्ने कार्यलाई अनिवार्य गराइनेछ।

५७. उत्पादन सहकारीलाई प्रवर्द्धन गर्दै सहकारी मार्फत पशुपन्छी पालन, चिस्यान केन्द्रको निर्माण सञ्चालनको लागि प्रोत्साहन गरिनेछ।

५८. नगरपालिकाको सवै वडाको बस्तिहरुमा गठित टोल विकास संस्था, आमा समूह, दलित, अपांङ्ग महिला सञ्जाल, युवाक्लव, वालक्लव लगायत सामाजिक संस्थाको रुपमा संस्थाहरु कानून बमोजिम दर्ता गर्न लगाइ सामाजिक कामको लागि प्रोत्साहन गर्ने र नगरपालिकाबाट उपलब्ध गराइने सहयोगका कार्यक्रमलाई संस्था/समूह केन्द्रित गर्ने व्यवस्था गरिनेछ।

५९. नगरपालिका भित्र कृयाशिल विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संघसंस्थाहरु संग आवश्यक समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ।

## (घ) श्रम, रोजगारी सम्बन्धी नीतिहरू

६०. नेपाल सरकारद्धारा जारी गरिएको कार्यविधि अनुरुप रोजगार सेवा केन्द्रको नाम परिवर्तन गरि रोजगार सीप तथा उद्यमशीलता केन्द्र राखिनेछ । स्थानीय तहमा संचालन हुने सीप बिकास, रोजगार तथा उद्यमशीलता सम्बन्धित कार्यक्रमहरुलाई एकरुपता प्रदान गर्न यसै केन्द्रको समन्वयमा स्थानीय तहमा हुने हरेक सीप बिकास, रोजगार तथा उद्यमशीलता सम्बन्धित कार्यक्रमहरु संचालन गरिनेछ।

६१. बैदेशिक रोजगारीलाई मर्यादित र व्यवस्थित गर्नका लागि जनचेतना र समन्वय कार्यक्रम संचालन गरिनेछ र बैदेशिक रोजगारीमा रहेका परिवार तथा श्रमिकहरुलाई मानसिक समाजिक परामर्श सेवा प्रदान गरिनेछ।बैदेशिक रोजगारीवाट फर्केकाहरुको लागि सीप मूलक, उद्यमशीलता सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।

६२. बाल श्रम मुक्त स्थानीय तह घोषणाका लागि अभियान संचालन गरिनेछ।

६३. रोजगारदाता र रोजगारीको खोजीमा रहेकाहरुको लागि रोजगार विनिमय सेवाका लागि श्रम संसार प्रणालीमा आबद्ध गराउन आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

६४. बाल श्रम, रोजगारदाता, सीप जनशक्ती, बैदेशिक रोजगारीमा गएका र फर्केका र रोजगारीमा खोजी गर्नेहरुको तथ्याङ्क राखिनेछ।

६५. युवा केन्द्रित सीप मूलक र उद्यमशीलता कार्यक्रम संचालन गरिनेछ। साथै सम्बन्धित निकायहरुको पहलमा सीप प्रमाणिकरण कार्यक्रम संचालन गरिनेछ।

६६. नगरपालिका भित्र रहेका बेरोजगार नागरिकहरु र आन्तरिक तथा बाह्य रोजगारीको सिलसिलामा समस्यामा परेका नागरिकहरुको समस्या समाधान गर्नको लागि नेपाल सरकार र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा श्रम सम्बन्धी समस्या समाधान तथा रोजगारी प्रवर्द्धन गर्ने नीति लिइनेछ।

६७. श्रमिकहरुलाई सुचिकृत गर्ने कार्य प्रारम्भ गरी मजदुरहरुको सामाजिक सुरक्षा तथा कार्यस्थलमा सुरक्षाको व्यवस्था गर्न, उनीहरुलाई कामको प्रत्याभूति दिलाउन, रोजगारको खोजीमा सहयोग पुऱ्याउन तथा हकहितको सुरक्षाको लागि रोजगार सेवा केन्द्र अन्तर्गत श्रम डेस्क सञ्चालन गरिनेछ।

## पूर्वाधार विकास

### (क) जलस्रोत, सिँचाई, खानेपानी तथा सरसफाई सम्बन्धी नीतिहरु

६८. **"सिंचाई प्रणालीको विकास र जलस्रोतको व्यवस्थापनबाट कृषिजन्य उत्पादनमा बृद्धि गर्ने"** लक्ष्यलाई सार्थक तुल्याउन नगरपालिकामा उपलब्ध प्राकृतिक सिंचाइका श्रोत र मुहानहरुको संरक्षण र संवर्द्धन गरिनेछ। सिंचाई सुविधा नपुगेका खेतियोग्य जमिनमा सिंचाई सुविधा विस्तार गरिनेछ। पानीको स्रोतको कमी भएको, ग्रामिण र भिरालो जमिनमा हिउँदमा समेत सिंचाई सुविधा विस्तार गर्नको लागि आवश्यक प्रविधिको प्रयोग गरी सिंचाइ गर्ने ब्यबस्था मिलाइनेछ। साथै निर्मित सिँचाइ पूर्वाधार संरचनाको मर्मत सम्भारको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

६९. **"नगरबासीका लागि सुरक्षित, स्वच्छ र सुलभ खानेपानी तथा पूर्ण सरसफाई"** को प्रत्याभुती गर्नका लागि संघ, प्रदेश, सामुदायिक एवं गैह्र सरकारी संस्थासँगको साझेदारी र समन्वयमा नगरपालिकाका सम्पूर्ण वस्तीहरुमा क्रमश मिटर जडित एकघर एकधारा खानेपानी आयोजना पूरा गरिनेछ।

७०. **"एकघर एकधाराको राष्ट्रिय प्रतिबद्धतालाई पूर्णता, गुणस्तरीय खानेपानी सरसफाई तथा स्वच्छता"** भन्ने सोचलाई साकार पार्न संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा सञ्चालन भएको खानेपानी सरसफाई तथा स्वच्छता (खास्वस) योजना प्रभावकारी रुपमा सम्पन्न गरिनेछ।

७१. फोहोरमैलाको वैकल्पिक व्यवस्थापन गरी कुहिने फोहोरलाई मल र नकुहिने फोहोरको पुन प्रयोग गर्न प्रोत्साहन गरिनेछ। मध्यनेपाल नगरपालिका अन्तरगत बजार विकास भैसकेका र बजारोन्मुख स्थानको फोहरमैला व्यवस्थापन गर्न ल्याण्डफिल साईटको खोजी गर्ने र बजार क्षेत्रको फोहरमैला व्यवस्थापन गर्ने गरिएको ल्याण्डफिल साईटको सुरक्षित व्यवस्थापन गर्दै बजार क्षेत्रको ढल निकास निर्माणको कार्यलाइ निरन्तरता दिइनेछ।

७२. टोल विकास संस्था, युवा क्लब, आमा समूह लगायतका सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

७३. प्लास्टिकजन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लास्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहीत गरिनेछ।

## (ख) सडक तथा भवन पूर्वाधार विकास सम्बन्धी नीतिहरु

७४. नगरपालिका विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने ठुला आयोजनाहरु पहिचान गरी नगरपालिकाको गौरवको आयोजनाको रुपमा कार्यान्वयन गरिनेछ। निर्माण सम्पन्न आयोजनाहरूको मर्मत सम्भारको व्यवस्था गरिनेछ।

७५. **"गुण्स्तरीय यातायात पूर्वाधारको विकास, विस्तार र व्यवस्थापन गरि सामाजिक आर्थिक अवसरहरूमा नगरपालिकाका नागरिकहरूको पहुँच बृद्धी गर्ने"** उद्देश्य अनुरूप नगरपालिका भित्रका प्रमुख रणनीतिक सडकहरुलाई स्तरोन्नती गर्दै कालोपत्रे, ढलान र शाखा सडकहरुको मर्मत सम्भार एवं स्तरोन्नतीको लागि आवश्यक पहल गरि ग्रामिण/कृषि सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

७६. नगरपालिकाका भित्र रहेका खहरे खोलामा आवश्यकता अनुसार मोटरेवल पुल, कल्भर्ट, कज वे तथा झोलुङ्गे पुल निर्माणको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

७७. पूर्वाधार विकासको लागि संघीय सरकार, प्रदेश सरकार र अन्य गैर सरकारी संघ संस्थासँगको संयुक्त लगानीमा सञ्चालित आयोजना कार्यान्वयनका लागि आवश्यक रकम सहितको समपुरक कोषको व्यवस्थापन कार्यलाइ निरन्तरता दिइनेछ।

७८. नगरपालिकाद्धारा निर्मित यातायात तथा सडक गुरुयोजना प्रभावकारी रुपमा लागू गरिनेछ ।

७९. नेपाल राष्ट्रिय भवन संहिता २०६०, बस्ति विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०८१, राष्ट्रिय भू-उपयोग नीति, भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागू गरी नगरपालिकाको भूगोल सुहाउँदो सुरक्षित एवं व्यवस्थित पूर्वाधार निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

८०. पूर्वाधार विकासलाई व्यवस्थित, दिगो र प्रभावकारी बनाउन विगत देखि निर्माणाधिन, अधुरा तथा बजेटको अभावमा सम्पन्न हुननसकेका आयोजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गर्ने नीति लिइनेछ।

८१. नगरपालिकाबाट निर्माण भएको सडक मापदण्ड अनुरुप सडक क्षेत्र विस्तार गरी सडकको क्षेत्राधिकार सुनिश्चित गरिनेछ।

८२. नगरपालिकामा हालसम्म निर्माण भएका सम्पूर्ण पुर्वाधार संरचनाहरुको लगत संकलन गरी प्रचलित मापदण्ड बमोजिम अभिलेखिकरण गरिनेछ।

८३. एक वडा एक पर्यटकीय स्थल निर्माण गर्ने नीति लिइनेछ।

८४. मध्यनेपाल नगरपालिका अन्तर्गत सञ्चालन हुने भौतिक पूर्वाधार विकासलाई स्थानीय नागरिकहरुको अपनत्व बोध गराउन उपभोक्ता समिति मार्फत सञ्चालन हुने कार्यक्रमहरुमा कानून बमोजिम स्थानीय जनसहभागिता (नगद, वस्तु वा श्रम) सुनिश्चितता गरिनेछ। साथै भौतिक पूर्वाधार तर्फको पुँजिगत खर्च तर्फ कट्टा हुदै आएको ३% प्रशासनिक व्यवस्थापन खर्च (कन्टेन्जेन्सी) लाई निरन्तरता दिइ उक्त रकमको खर्च कानून बमोजिम गर्ने व्यवस्था मिलाइनेछ।

८५. नगरपालिका भित्रका सम्पुर्ण घरधुरीमा विद्युतको पहुँच पुगेकोले विद्युत प्रशारणलाई थप व्यवस्थित गर्नका लागि नेपाल विद्युत प्राधिकरणसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने नीति लिइनेछ।

## संस्थागत विकास र सुशासन

### (क) सूचना प्रविधि, सुशासन तथा संस्थागत विकास सम्बन्धी नीतिहरु

८६. **"सूचना तथा सञ्चार प्रविधिको विस्तार, मध्यनेपाल नगरपालिकाको विकासको आधार"** को अवधारणा अनुरुप नगरपालिकाको सेवा प्रवाहलाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाउँदै विद्युतीय सु-शासनको प्रवर्द्धन गरी जनप्रतिनिधि तथा कर्मचारीमा सूचना प्रविधिको ज्ञान र सिपको विकास गर्नको लागि क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

८७. नगरपालिकाभित्र कार्यरत कर्मचारीको मनोवल उच्च राख्दै सेवाग्राहीमैत्री, सर्वसुलभ, प्रभावकारी र छरितो सेवाप्रवाहको लागि कार्यसम्पादनमा आधारित दण्ड र पुरस्कारको प्रणालिको अवलम्वन गरिनेछ र आवश्यकता अनुसार कर्मचारीको पेशागत क्षमता विकासको लागि सञ्चालन हुने तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाउने नीति लिइनेछ।

८८. नगरपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवाहरुलाई जनउत्तरदायी, जवाफदेही र जनताको सहज पहुँच सुनिश्चित गर्दै नागरिक मैत्री स्थानीय सुशासन प्रर्वद्धनको लागि मासिक, चौमासिक एवं वार्षिक समिक्षा, चौमासिक रुपमा सार्वजनिक सुनुवाइ, सेवाग्राही सन्तुष्टि सर्वेक्षण, घुम्तिसेवा र सामाजिक परिक्षण जस्ता विधिहरु अवलम्वन गरिनेछ।

८९. नगरपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा, विकास निर्माण सम्वन्धी कार्य, खरिद कार्य लगायत अन्य सम्पूर्ण क्रियाकलापहरु पूर्णरुपले पारदर्शी, मितव्ययी र उत्तरदायी बनाउँदै सबै प्रकारका भ्रष्ट्राचार, अनियमितता, ढिलासुस्तीमा शुन्य सहनशिलताको नीति अख्तियार गरिनेछ।

९०. प्रशासनिक तथा आर्थिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, वेरुजु लगायतको विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्र्यौट गर्ने कार्य अगाडी बढाइनेछ। वित्तीय जोखिम न्यूनीकरणका लागि वित्तीय अनुशासन कायम गरिनेछ।

९१. **"पारदर्शी, जवाफदेही, जनमुखी, परिमाणमुखी सेवा नगरपालिकाको सान र पहिचान"** भन्ने मान्यता अनुरुप सेवा प्रवाह तथा कार्य सञ्चालन प्रणालीलाई सरल, स्पष्ट र पारदर्शी बनाउन आवश्यकता अनुसार ऐन, नियम तर्जुमा गर्ने, तर्जुमा गरिएका कानुनबारे सम्बन्धित सबै सरोकारवालालाई जानकारी गराउने तथा कडाइका साथ कार्यान्वयन गर्ने।

९२. कर्मचारीलाई कामप्रति उत्तरदायी, जवाफदेही र पारदर्शी बनाउन सवै तह र भूमिकामा रहेका कर्मचारीहरुमा पद अनुसारको उत्तरदायित्व, जवाफदेहिता र पारदर्शितामा विशेष जोड दिइनेछ।

९३. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न सरोकारवालाहरु समेतको सहभागितामा नियमित बजार अनुगमन गरिनेछ।

९४. नगरपालिकाको सेवा प्रवाहलाई सहज बनाउन आवश्यकता अनुसार सबै वडाहरूमा एकिकृत घुम्ती सेवाहरू सञ्चालन गरिनेछ।

९५. नगरपालिका भित्र रहेका सम्पुर्ण सार्वजनिक जग्गाहरूको खोजी गरी संरक्षण र कानून बमोजिम उपयोग गरिनेछ।

९६. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

९७. नेपाल सरकार भूमि व्यवस्था, सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णयानुसार भूमि प्रशासन सेवा सञ्चालनका लागि पहिलो चरणमा छनौंटमा परेका देशभरका ३५ स्थानीय तह मध्ये मध्यनेपाल नगरपालिका समेत छनौंट भएकोले आवश्यक वजेट तथा जनशक्ति व्यवस्थापन गरी यथासिघ्र भूमि प्रशासन सेवा सञ्चालन गरिनेछ।

९८. नगरपालिकाबाट छनौट भएका आयोजनाहरुको गुणस्तर सुनिश्चित गर्न आयोजनाहरुको अनुगमन, मुल्याङ्कन, सुपरिवेक्षण र प्रतिवेदन कार्यलाई प्रभावकारी बनाउँदै प्रतिवेदनबाट प्राप्त हुने सुझावलाई भावि योजना निर्माण तथा कार्यान्वयनमा उपयोग गरिनेछ।

९९. नगरपालिकाका सम्पुर्ण कामकारबाहीहरूलाई पारदर्शी र जनमैत्री बनाउँदै कार्य सम्पादन तथा विकास निर्माणका सम्बन्धमा नागरिकलाई सूसूचित गर्दै माग भएको सूचना समयमै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

१००. सेवा प्रवाह सम्बन्धी गुनासो, उजुरी सुन्ने र सुनाउने तथा त्यसको समयमा नै समाधान गरी सेवा प्रवाहमा सेवाग्राहीको सन्तुष्टी अभिवृद्धिमा जोड दिइनेछ।

१०१. मध्यनेपाल नगरपालिका र अन्तर्गत करार सेवामा काम गर्ने कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा समावेश गरिनेछ।

## (ख) राजश्व सुधार तथा आन्तरिक स्रोत परिचालन सम्बन्धी नीतिहरु

१०२. नगरपालिकाको सम्वृद्धि तथा आत्मनिर्भरताका लागि आन्तरिक आय वढाउनु पर्ने हुँदा स्थानीय कर राजश्व र गैरकर राजश्वको दरलाई न्यूनतम गर्दै दायरा विस्तार गर्ने नीति अवलम्बन गरिनेछ। आन्तरिक आय व्यवस्थापन, प्राकृतिक श्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ। नगरपालिकाको राजस्व सुधार योजनाको समयानुकुल संशोधन तथा परिमार्जन गर्दै प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।प्रत्येक वडा कार्यालयहरुसँग समन्वय गरि कानूनले तोकेको कर शुल्क असुलीमा कडाई गरिनेछ।गतिशिल कर प्रणाली अवलम्वन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

१०३. नगरपालिकाको आन्तरिक सक्षमता अभिवृद्धिको लागि कर दायराको अध्ययन एवं विश्लेषण गरिनेछ। करका दरहरूलाई समयानुकुल बनाइनेछ।

१०४. सामाजिक सुरक्षासँग सम्बन्धित सिफारिस, उपभोक्ता समिति बैंक खाता खोल्ने सिफारिस, बेरोजगार व्यक्तिको सूचिकरण सिफारिस, अपाङ्ग, असहाय, जेष्ठ नागरिक परिचय पत्र सिफारिस, मृत वेवारिसे पशु व्यवस्थापन सिफारिस, स्वास्थ्य उपचार सिफारिस, असक्त असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस र आर्थिक अवस्था कमजोर वा विपन्नता सिफारिसलाई निःशुल्क गरीनेछ।

१०५. ढुङ्गा, गिट्टि बालुवा जस्ता नदिजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गर्दै व्यवस्थित र दीगो उपयोग गर्ने नीति लिइने छ।

# वन तथा वातावरण

## (क) वन, वातावरण तथा विपद व्यवस्थापन तथा सुरक्षित आवास सम्बन्धी नीतिहरु

१०६. **"स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन, वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गर्ने"** उद्देश्य अनुरुप संघीय सरकार, प्रदेश सरकार, गैर सरकारी संघ सस्था र स्थानीय समुदायसँगको सहकार्यमा नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक वनहरुको संरक्षण तथा दिगो व्यवस्थापन गरी पर्यावरणीय संतुलन एवं जलवायु परिवर्तनका असरहरु न्यूनिकरण सहित उच्च प्रतिफल प्राप्त गर्ने प्रयास गरिनेछ।

१०७. मध्यनेपाल नगरपालिका क्षेत्र भएर वग्ने मादी, मिदीम लगायतका नदिले खेतियोग्य जमिन तथा वस्तीलाई पुऱ्याएको क्षतिलाइ न्यूनिकरण गरी त्यस्ता क्षेत्रको संरक्षण गर्नका लागि नगरपालिकाबाट विशेष पहल गरिनेछ।

१०८. यस नगरपालिका क्षेत्रमा आकस्मिक रुपमा हुने विभिन्न किसिमका दुर्घटना तथा विपद् मा परेका नागरिकहरुलाई तत्काल उद्धार तथा राहत प्रदान गर्न नगरप्रमुखसंग विपद सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

१०९. मध्यनेपाल नगरपालिका क्षेत्रभित्र सम्भाव्य विपद् जोखिमको अध्ययन गर्न विपद् प्रतिकार्य योजना बनाई सो को कार्यान्वयनबाट व्यवस्थापन कार्यलाई प्राथमिकता दिइनेछ।विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीतिक कार्ययोजना, २०८१ पूर्ण रुपमा पालना गरी कार्यान्वयन गरिनेछ।

११०. जलवायु परिवर्तको कारण कृषि तथा पशुपालन क्षेत्र, वातावरण क्षेत्रमा परेको असर, प्राकृतिक विपत्ती रोगव्याधी जस्ता समस्याहरुको समाधान गर्न र त्यसप्रति अनुकूलनका कार्यक्रमहरु सञ्चालन गरिनेछ। विभिन्न प्राकृतिक एवं मानव सिर्जित विपत्तिको पूर्वतयारी, उद्धार, राहत, पूनःस्थापना तथा पूनर्निर्माण गर्नको लागि **"मध्यनेपाल नगरपालिका विपद व्यवस्थापन कोष"** स्थापना गरी कार्यान्वयन गरिनेछ। साथै सुरक्षा निकायसंगको समन्वयमा सवै वडामा विपत्तीको समयमा उद्दार र राहत सामाग्रि सहित तालिम प्राप्त जनशक्तिको टिम-रेपिड रेसपोन्स टिम लाई तयारी हालतमा राखिनेछ।

१११. विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिल योजना तर्जुमा गरी सोहीअनुरूप विपद् पूर्व तयारी, विपद क्षती न्यूनिकरण, प्रतिकार्य र पुनःस्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ। सो कार्यको लागि नेपाल रेडक्रस सोसाइटी लगायत अन्य विभिन्न क्षेत्र सँग सहकार्य गरिने छ।

११२. **"दिगो, गुणस्तरीय र व्यवस्थित वन, स्वस्थ, उत्पादनशील र सुरक्षित जलाधार तथा पर्यावरण"** को मान्यता अनुरुप खाली जग्गामा वृक्षारोपण, हरीयालि प्रवर्द्धन तथा वनको संरक्षण, पोखरी संरक्षण तथा निर्माण, पहिरो तथा गल्छी नियन्त्रण, नदि संरक्षण तथा व्यवस्थित नियन्त्रण गरी जल, जमीन, वातावरण तथा जलाधारको संरक्षण गरिनेछ।

११३. मध्यनेपाल नगरपालिकाभित्रमा मनसुनजन्य विपद् र आगालागीबाट पूर्ण तथा आंशिकरूपमा क्षति भएका घरहरुको राहत, पूनःस्थापना र पूनर्निर्माणका लागि संघीय सरकार र प्रदेश सरकारसँगको आवश्यक समन्वय र सहकार्यमा कार्य सम्पन्न गरिनेछ।

११४. नगरपालिकामा वर्षायाममा हुने पहिरो तथा भू-क्षय रोकथाम तथा नियन्त्रण गर्नको लागि आवश्यक बजेट व्यवस्था गरी कार्यान्वयन गरिने छ ।

११५. मादी, मिदिम, पिस्ति, चर्दी लगायतका नदी किनारका जोखिमयुक्त बस्ति तथा खेतियोग्य जमिनको कटान रोक्न नदि नियन्त्रण पूर्वाधार संरचानाको निर्माण कार्यलाइ निरन्तरता दिइनेछ।

## न्यायिक निरुपण तथा विवाद समाधान सम्बन्धी नीतिहरु

११६. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्नका लागि न्यायीक समितिको क्षमता विकास तथा न्यायिक सुनुवाई कक्ष व्यवस्थापन र कानूनि साक्षरता तथा मेलमिलाप कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइने छ।

११७. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

११८. प्रत्येक वडामा भएका मेलमिलापकर्तालाई समय समयमा पुनर्ताजकी तालिम दिइ सक्रिय वनाइनेछ र नयाँ मेलमिलापकर्ताको खोजी गर्ने नीति लिइनेछ।

११९. आम सर्वसाधारण तथा विद्यालयमा अध्यनरत विद्यार्थीहरूको लागि कानूनी सचेतना कार्यक्रम निरन्तर रुपमा सञ्चालन गरिनेछ।

## उपप्रमुखज्यू, नगरसभाका सदस्यज्यूहरु,

प्रस्तुत नीति अनुसार मध्यनेपाल नगरपालिकाको बजेट तथा कार्यक्रम प्रस्तुत हुने कुरामा सम्पूर्ण सदस्यज्यूहरुमा विश्वस्त गराउन चाहन्छु। प्रस्तुत नीतिलाई यसकै मर्म र भावना अनुसार कार्यान्वयन गर्नका लागि आवश्यक ऐन, कानून तथा निर्देशिकाहरुको सम्बन्धित समितिद्वारा तयार गरी सभा तथा कार्यपालिकाबाट पारित गरी कार्यान्वयन गरिनेछ। नगरपालिकाको नेतृत्वमा सञ्चालन हुने समग्र विकास निर्माणका कार्यहरु, आर्थिक वृद्धि लक्षित कार्यक्रमहरु, गुणस्तरिय शिक्षा र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा हुने पहल कदमिहरु र सामाजिक समावेशिकरणको माध्यमबाट समग्र समाजको रुपान्तरण गर्नका लागि नगरपालिकालाई आम मध्यनेपाल नगरपालिकाबासीहरुको सदैव पूर्ण साथ, समर्थन र सहयोग रहिरहने छ भन्ने अपेक्षा सहित यस नीति तथा कार्यक्रम तयार गर्न सहयोग पुऱ्याउनु हुने पालिका निवासी आम नागरिक, कर्मचारी तथा अन्य महानुभावहरु प्रति पुन कृतज्ञता प्रकट गर्दछु।

**धन्यवाद !**

**रमेश कुमार पाण्डे**<br>
**नगर प्रमुख**<br>
**मिति २०८३/०३/०८**